**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नीति आयोगको दशौं गभर्निङ काउन्सिल बैठकको अध्यक्षता गर्नुहुनेछ।**

- भारतले संयुक्त राष्ट्र सुरक्षा परिषदमा आतंकवादलाई लिएर पाकिस्तानको कडा आलोचना गर्दै भनेको छ भारतले दशाको देखि सीमामा पाकिस्तान प्रायोजित आतंकी हमलाहरुको सामना गरिरकेको छ।

- नागरिक उड्डयन मंत्री **किंजरापु राम मोहन नायडूले भन्नुभएको छ** कि देशको विमानन, केवल बुनियादी ढांचा होइन तर यो आकांक्षा, सम्मान अनि विकासको प्रतीक हो।

- **सर्वोच्च न्यायालयले** आईटीबीपी, बीएसएफ, सीआरपीएफ, सीआईएसएफ अनि एसएसबी लगाएत सबै केंद्रीय सशस्त्र पुलिस बलहरुमा 6 महिना भित्र **कैडर** समीक्षा गर्ने निर्देश दिएको छ।
- आईपीएल क्रिकेटमा हिज सनराइजर्स हैदाराबादले रॉयल चेंलेजर्स बंगलुरूलाई 42 रनले पराजित गरेको छ। आज जयपुरमा पंजाब किंग्सको भिडन्त डेल्ही कैपिटल्ससित हुनेछ।

## प्रधानमन्त्री-नीति आयोग

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नीति आयोगको दशौं गभर्निङ काउन्सिल बैठकको अध्यक्षता गर्नुहुनेछ। यस वर्षको विषयवस्तु २०४७ सम्मको लागि विकसित भारतको लागि विकसित राज्य हो। गभर्निङ काउन्सिलको बैठकले २०४७ सम्मको fufEr विकसित भारतको लागि विकसित राज्यको दृष्टिकोणमाथि छलफल गर्नेछ। बैठकमा राज्य तथा केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरू र उपराज्यपालहरू,] केन्द्रीय मन्त्रीहरू] र नीति आयोगका उपाध्यक्ष, सदस्यहरू र सीईओहरू उपस्थित हुनेछन्।

## भारत - यूएनएससी

भारतले संयुक्त राष्ट्र सुरक्षा परिषदमा आतंकवादलाई लिएर पाकिस्तानको कडा आलोचना गर्दै भनेको छ भारतले दशाको देखि सीमामा पाकिस्तान प्रायोजित आतंकी हमलाहरुको सामना गरिरकेको छ। संयुक्त राष्ट्रमा भारतका स्थायी प्रतिनिधि पर्वतनेनी हरीशले सशस्त्र संघर्षहरुमा नागरिकहरुको सुरक्षा बारे एउटा खुल्ला चर्चामा यो टिप्पणी गर्नुभएको हो। उहाले भन्नुभयो -पाकिस्तानले आतंकवादलाई बढ़ावा दिनको लागि घरि-घरि नागरिकहरुलाई ढाल बनाएको छ।

## नायडू-विंग्स इंडिया

नागरिक उड्डयन मंत्री **किंजरापु राम मोहन नायडू ले भन्नुभएको छ** कि देशको विमानन, केवल बुनियादी ढांचा होइन तर यो आकांक्षा, सम्मान अनि विकासको प्रतीक हो। हिज नयाँ दिल्लीमा **विंग्स इंडिया-2026** को उद्घाटन समारोहलाई संबोधित गर्दै उहाले यस कुराको उल्लेख गर्नुभयो कि प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा देशले विमानन क्षेत्रमा धैरै वृद्धि गरेको छ अनि देशमा हवाई अड्डाहरुको संख्या बर्ष 2014 को 74 देखि बढेर 160 भएको छ। उहाले भन्नुभयो - **एक हजार 7 सय नयाँ** विमानहरुको ऑर्डर दिईएको छ , यसको साथै भारतको विमान बेड़ा लगभग दुई गुना भएको छ जसको कारण बर्ष 2047 सम्म 3 हजार 5 सय पुग्ने लक्ष्य छ। श्री नायडूले भन्नुभयो कि घरेलू उड़ानहरु पनि बर्ष 2014 मा बर्षैने 6 लाख देखि बढेर अहिले 11 लाख भएको छ

जबकि दिल्ली हवाई अड्डा विश्वको 9 ओ सबैभन्दा व्यस्त हवाई अड्डा बनेको छ जसले बर्षैनी सात करोड़ 70 लाख भन्दा अधिक यात्रिहरुलाई सेवा प्रदान गर्दछ ।उड्डयन मंत्रीले विश्वास व्यक्त गर्नुभयो कि आगामी बीस बर्षहरुमा देशमा **2 सय नयाँ** हवाई अड्डाहरु शुरु गरिने छ अनि भारत 2030 सम्म वैश्विक स्तरमा तेस्रो सबैभन्दा ठुलो ड्रोन बाजार बन्नेछ । उहाले सबै सित **विंग्स इंडिया-2026 मा सामेल हुने** आग्रह गर्नुभयो जसमा छात्र अनि विमानन उत्साही तथा महिलाहरु सामेल छन् , ताकि भारतको विमानन क्षेत्रको क्रांतिकारी विकासको नेतृत्व गर्न सकियोस् ।उहाले वैश्विक विमानन क्षेत्रका नेताहरुलाई पनि यस आयोजनमा भाग लिन आमंत्रित गर्नुभयो । **विंग्स इंडिया-2026** एशियाको सबैभन्दा ठुलो व्यापार मेला अनि नागरिक उड्डयनको लागि सम्मेलन, आगामी बर्ष 28 देखि 31 जनवरी सम्म हैदराबादको बेगमपेट हवाई अड्डामा आयोजित हुनेछ । आयोजनको प्रमुख कार्यक्रमहरुमा वैश्विक मंत्रिस्तरीय सम्मेलन, सीईओ फोरम, **बी2बी अनि बी2जी बैठकहरु** , पुरस्कार समारोह, प्रदर्शनी, स्थिर प्रदर्शन अनि प्रदर्शन उड़ानहरु सामेल छन् ।

## गडकरी - गोवा - ट्विन टावर्स

सडक परिवहन अनि राजमार्ग मंत्री नितिन गडकरीले गोवाको पर्यटन अनि बुनियादी ढांचालाई प्रोत्साहन दिनको लागि न्यू ज़ुआरी सेतुमा दुई अरब सत्तर करोड़ रुपियाँ भन्दा अधिकको लागत रहेको वेधशाला टॉवर्सको शिलान्यास गर्नुभयो । डिजाइन, निर्माण, वित्त, संचालन अनि हस्तांतरण- डीबीएफओटी मॉडल अंर्तगत विकसित गरिने यो परियोजना पेरिसको एफिल टॉवर अनुरुप हुनेछ । यसमा प्रत्येक टॉवरको ऊंचाई एक सय पच्चीस मीटर हुनेछ । यी टॉवरहरुमा एउटा घूमने रेस्तरां, एउटा कला दीर्घा अनि आधुनिक पर्यटक सुविधाहरु हुनेछ । श्री गडकरीले आकर्षक ऑडियो-विजुअल प्रस्तुतीकरणको माध्यम द्वारा गोवाको सांस्कृतिक विरासत अनि स्वतन्त्रताको इतिहास प्रदर्शित गर्न व्यूइंग गैलरीको डिजाइनमा स्थानीय वास्तुकारहरुलाई सामेल गर्ने सिफारिश गर्नुभएको छ । गोवामा राजमार्ग परियोजनाहरुको लागि 33 हजार करोड़ रुपियाँ आवंटित गरिएको उहाले बताउनुभयो । उहाले भन्नुभयो - मुंबई-गोवा राजमार्ग यस वर्ष जूनको अन्त्य सम्म पूरा हुनेछ । श्री गडकरीले भन्नुभयो कि लगभग बारह हजार करोड़ रुपियाँको रिंग रोड परियोजना पांच वर्षमा पूरा हुने संभावना छ ।

## नोटम-विस्तार

भारतले पाकिस्तानको विमानहरुको लागि नोटम अर्थात् हवाई क्षेत्र प्रतिबंध 23 जून सम्म| बढ़ाएको छ। नागर विमानन मंत्रालय अनुसार सैन्य विमानहरु लगायत पाकिस्तानमा पंजीकृत अनि संचालित कुनै पनि विमानलाई भारतीय हवाई क्षेत्रमा प्रवेशको अनुमति नरहेको बताइएको छ। नया दिल्लीमा मीडियासीतको बातचीतमा नागर विमानन मंत्री राममोहन नायडू किंजारप्पूले भन्नु भयो नोटम बढ़ाएको छ र भारतले यथा स्थिति बनाएको वहाले थप भन्नु भएको छ।

## सर्वोच्च न्यायालय - कैडर समीक्षा

**सर्वोच्च न्यायालयले** आईटीबीपी, बीएसएफ, सीआरपीएफ, सीआईएसएफ अनि एसएसबी लगाएत सबै केंद्रीय सशस्त्र पुलिस बलहरुमा 6 महिना भित्र **कैडर** समीक्षा गर्ने निर्देश दिएको छ । यो समीक्षा वर्ष 2021 मा हुनु थियो तर यसमा विलंब भयो । न्यायमूर्ति अभय एस. ओका अनि उज्जल भुइयांको पीठले कार्मिक अनि प्रशिक्षण विभागलाई कैडर समीक्षा अनि बर्तमान सेवा नियमहरु तथा भर्ती नियमहरुको समीक्षाको समबन्धमा गृह मंत्रालयबाट रिपोर्ट प्राप्त भएको तीन महीना भित्र उचित निर्णय लिने निर्देश दिएको छ ।सर्वोच्च न्यायालयले पदमा काम नगरेर वेतन बढाउने, कैडर समीक्षा गर्ने अनि भारतीय पुलिस सेवाको प्रतिनियुक्ति समाप्त गर्नको लागि भर्ती नियमहरुको पुनर्गठन अनि संशोधनको मांग गर्ने धैरै याचिकाहरु माथि सुनवाई गर्दै यो निर्देश दिएको हो । सर्वोच्च न्यायालयले भनेको छ कि देशको सीमाहरुको रक्षा सहित आंतरिक सुरक्षा सुनिश्चित गर्नमा सशस्त्र बलहरुको प्रमुख भूमिका रहेको छ ।

## लद्दाख - योग महोत्सव

जुन २१ तारीख मनाइने अन्तर्राष्ट्रिय योग दिवस २०२५ को उत्सवको पूर्वसन्ध्यामा, लद्दाख केन्द्र शासित प्रदेश प्रशासनले जुन १५ देखि २१ सम्म यस क्षेत्रका धेरै स्थानहरूमा लद्दाखको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय योग र ध्यान महोत्सव शीर्षकको एक हप्ता लामो योग महोत्सव मनाउने निर्णयको घोषणा गरेको छ। हप्ताभरि चल्ने योग सत्रहरूको लागि लद्दाखका सात रमणीय र शान्त स्थानहरू छनोट गरिएका छन्ए जसमा पाङ्गोङ तालए शान्ति स्तूप, सिन्धु घाटमा रहेको सिन्धु नदीको किनार र नुब्रा उपत्यका समावेश छन्। यी सत्रहरू एस्ट्रो टर्फ स्टेडियममा अन्तर्राष्ट्रिय योग दिवस मनाउँदै समापन गरिनेछ, जुन देशको सबैभन्दा अग्लो फुटबल स्टेडियमको रूपमा लोकप्रिय छ र यसमा नागरिक र रक्षा कर्मचारी दुवैबाट ठूलो संख्यामा सहभागीहरू हुने महत्वाकांक्षी योजना छ। केन्द्र शासित प्रदेश प्रशासनले महाबोधि अन्तर्राष्ट्रिय ध्यान केन्द्र, लद्दाखसँगको सहकार्यमा कल्याण कार्यक्रमको यस महाकार्यक्रमको तयारी सुरु गरिसकेको छ जसमा स्थान छनोट र अन्य रसद व्यवस्थाका लागि केन्द्र शासित प्रदेश प्रशासन र महाबोधि अन्तर्राष्ट्रिय ध्यान केन्द्रका अधिकारीहरू बीच दुई चरणको बैठकहरू समावेश छन्। यो महोत्सव हरित योग, सामवेश योग र योग अनप्लग्ड जस्ता तीन लाइन सिग्नेचर कार्यक्रमहरूमा आयोजना भइरहेको छ र आयुष मन्त्रालयले दिएको विषयवस्तुबाट विषयवस्तुहरू छनोट गरिएको छ। लद्दाख विश्वविद्यालयसँगको सहकार्यमा अनप्लग्ड योगको विषयमा सेमिनार पनि आयोजना गर्ने योजना छ।

## आईपीएल

आईपीएल क्रिकेटमा हिज राती लखनऊमा सनराइजर्स हैदाराबादले रॉयल चेंलेजर्स बंगलुरूलाई 42 रनले पराजित गरे। 232 रनको लक्ष्यको जवाबमा बेंगलुरूको टीमले 19 ओवर अनि पांच बलमा मात्र 189 रन बनाउन सके। सनराइजर्सका कप्तान पैट कमिन्सले तीन अनि ईशान मंलिगालर दुई विकेट लिए। यस भन्दा पुर्ब सनराइजर्स हैदाराबादले पहिला बल्लेबाजी गर्दै निर्धारित 20 ओवरमा 6 विकेटमा 231 रन बनाए। ईशान किशनले 48 गेंबलमा 94 रनको उत्कृस्ट नाबाद पारी खेले। उनलाई प्लेयर ऑफ द म्याच घोषित गरियो। आज जयपुरमा पंजाब किंग्सको भिडन्त डेल्ही कैपिटल्ससित हुनेछ। म्याच साझ सात बजेर तीस मिनेट जाँदा शुरु हुनेछ।

## राहुल-फुटबॉल

फुटबॉलमा भारतका **राहुल के. पी. लाई** आगामी **द सॉकर टूर्नामेंट-टीएसटी** मा **वेस्ट हैम यूनाइटेड को तर्फ बाट खेल्नको लागि चुनिएको छ**। तो अमरीकी फुटबॉल प्रतियोगिता हो। राहुल यस टूर्नामेंटको लागी एक प्रमुख अंतरराष्ट्रीय क्लब द्वारा चुनिने पहिलो भारतीय फुटबॉल खिलाड़ी हुन्। यो प्रतियोगिता 4 देखि 9 जून सम्म उत्तरी कैरोलिनाको कैरीमा हुनेछ। यसमा 48 टीमहरुले भाग लिनेछन्। वर्तमानमा राहुल इंडियन सुपर लीगमा ओडिशा एफसी टीमबाट खेल्ने गरेका छन्।

## नीरज चौपड़ा

भारतको भाला फेंक खेलाडी नीरज चोपड़ाले पौलेंडको चोरजाऊमा जानुस्ज कुसोचिन्स्की मेमोरियल प्रतियोगितामा रजत पदक प्राप्त गरेका छन्। दुई पल्टका ओलंपिक पदक विजेता नीरजले आफ्नो छैठो अनि अंतिम प्रयासमा 84 दशमलव एक-चार मीटर भाला फ्याके। जर्मनीका जूलियन वेबरले यस स्पर्धामा 86 दशमलव एक-दुई मीटर भाला फ्याकेर स्वर्ण पदक आफ्नो नाम गरे। यसै प्रतियोगितामा ग्रेनाड़ाका एंडरसन पीटर्सले कांस्य पदक प्राप्त गरे।

****** ० ******